आज मिति २०६६ साल असोज २५ गतेका दिन यस साँफेबगर नगर कार्यपालिकाको आ.व. २०६६/६७ को पाँचौं बैठक नगर प्रमुख तथा कार्यपालिका अध्यक्ष श्री कुल बहादुर कुँवर ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

१. नगर प्रमुख श्री कुल बहादुर कुँवर - अध्यक्ष
२. नगर-उप प्रमुख श्री विमला देवी कुडाफा - सदस्य
३. श्री अमर बहादुर शाह सदस्य
४. श्री कालु सिंह कुँवर ,,
५. श्री कृष्ण ब. बुढा ,,
६. श्री बालगिरी कुँवर ,,
७. श्री उम्रिरे साउँद ,,
८. श्री प्रेमराज शर्मा ,,
९. श्री मिठु सिंह भाट ,,
१०. श्री टेकु बहादुर कुँवर ,,
११. श्री ध्रुव बहादुर थापा ,,
१२. श्री लाल बहादुर खड्का ,,
१३. श्री गणेश बहादुर खड्का ,,
१४. श्री प्रकाश बहादुर रानो ,,
१५. श्री सागर सिंह सोनार (बाब्ली) ,,
१६. श्री कर्ण बहादुर साउँद ,,
१७. श्री जित बहादुर भिशारी (लुहार) ,,
१८. श्री दुरी देवि कुँवर ,,
१९. श्री सुरत बहादुर भुल ,,
२०. श्री सावि मिझार ,,
२१. श्री जयन्ति देवि कोगटी ,,
२२. श्री सावित्री देवि कुँवर ,,
२३. श्री शंकर भुल ,,
२४. श्री शान्ति देवि जोशी ,,
२५. श्री लक्ष्मी प्रसाद शर्मा सदस्य सचिव

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३
प्रमाणित प्रतिलिपि
नि. प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

२६. वडा नं. १का. वा. अध्यक्ष श्री नन्द बहादुर ठकुल्ला
२७. वडा नं. ७का. वा. अध्यक्ष श्री भरत कुमाल
२८. वडा नं. ४ का. वा. अध्यक्ष श्री राजेन्द्र कोली
२९. सि.अ.हेव. पुष्प बहादुर बुढा

२. गिट्टी, बालुवाको ठेक्का सम्बन्धमा,
३. महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।
४- विविध

क) आस्था नेपालको कार्यक्रम सञ्चालन अनुमती सम्बन्धमा।
ख) गोजुरियो कराते डो सम्बन्धी आर्थिक सहायता सम्बन्धमा।
ग) प्रगतिशिल लेखक संघ कार्यक्रम सम्बन्धमा।
घ) स्थानीय तहको पाठ्यक्रम निर्माण सम्बन्धमा।
ङ) दिपावलीको शुभकामना आदान-प्रदान गर्ने सम्बन्धमा।
निर्णयहरु। च) विशेष अनुदान माग सम्बन्धमा।

निर्णय नं.-१।

प्रस्ताव नं० -१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको समग्र वस्तुस्थिती कार्यपालिकामा प्रस्तुत हुनेगरी समग्र वडाको प्रतिनिधि वडाअध्यक्ष-ज्यूहरु तथा कार्यपालिका सदस्यज्यूहरुलाई ३(तीन) मिनेटको समय सीमा भित्र रही रिपोर्टिङ गर्न दिईएकोमा उठेका सवालहरु र वडा तथा न०पा० बाट सम्पादित कार्यहरुको बहुआयामिक पक्षहरुको छलफल भई सौहार्दपूर्ण वातावरणमा आपसी समझदारी, सहमति र सहकार्यमा समस्या समाधान गर्दै जाने सहमतिका साथ छलफल गरी निर्णय गरियो।

निर्णय नं०-२।

प्रस्ताव नं० -२माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्रमा रहेका नदी-क्षेत्रहरुबाट नदीजन्य वस्तु उठाउने कार्यका लागि रु. ५०,०००००।- को टेण्डर आह्वान गरिएकोमा कसैले पनि टेण्डर खरिद नगरेकोले पुन: रु ४०,०००००।- मा त्याट बाहेक टेण्डर आव्हानको सूचना प्रकाशित गर्ने र नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र स्थानबाट गिट्टी, बालुवा,(ढुंगा) संकलन तथा निकासी गर्न प्रतिबन्ध लगाउने तथा प्रारम्भिक वातावरणीय अध्ययन विना अन्य स्थानहरुबाट निकासन तथा निकासी गर्न रोक लगाउने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं० -३।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७४।०७५ को म.ले.प.को प्रारम्भिक प्रतिवेदन सम्बन्धी प्रतिक्रिया सम्बन्धित निकायमा लेखी पठाउने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-४। विविध।

प्रस्ताव नं० -४ विविध 'क' माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. -४ मा कार्यक्षेत्र रही क्रियाशिल आस्था नेपाल ले चालु आ.व. ०७५।७६ देखि यस नगरपालिकाको थप ३(तीन) वटा वडाहरुमा -

को अनुमती प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ४ (ख)

प्रस्ताव नं. ४ विविध 'ख' माथि छलफल गर्दा नेपाल गोजुरियो कराँते डु को सु.प. प्रदेश स्तरीय प्रतियोगिता यही मिति २०७६ साल कार्तिक ५, ६ र ७ गते यस साँफेबगर नगरपालिकाको वडा नं.- ४, साँफेबगरमा सञ्चालन हुने भएकोले उक्त प्रतियोगिता सञ्चालनका लागि रु. ३,५०,०००।-(तीन लाख पचास हजार मात्र-) आर्थिक सहायता उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ४ (ग)

प्रस्ताव नं.- ४ विविध 'ग' माथि छलफल गर्दा नेपाल प्रगतिशिल लेखक संघको कार्यक्रम यही मिति २०७६ साल कार्तिक ०८ गते यस नगरपालिकाको वडा नं. ४ साँफेबगरमा सञ्चालन हुने भएकोले उक्त कार्यक्रम सञ्चालनका लागि नेपाल प्रगतिशिल लेखक संघलाई रु. ५०,००० (पचास हजार) मात्र।- आ.स. उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियार दिने सर्वसम्मत निर्णय पारित गरियो।

प्रमाणित प्रतिलिपि
नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.- ४ (घ)

प्रस्ताव नं. ४ विविध 'घ' माथि छलफल गर्दा यस नगरपालिका को स्थानीय पाठ्यक्रम तयार गर्नका लागि योग प्रशिक्षक श्री विष्णु खड्कालाई अनुमति प्रदान गर्ने र सो पाठ्यक्रममा यस नगरपालिका क्षेत्रमा रहेका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रलाई समावेश गर्न निर्देशन गर्ने र उक्त पाठ्यक्रम अछामी भाषामा तयार गर्न लगाउने सर्वसम्मत निर्णय पारित गरियो।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

निर्णय नं.- ४ (ङ)

प्रस्ताव नं. ४ विविध 'ङ' माथि छलफल गर्दा आउँदै गरेको यस बर्षको शुभ दिपावली (तिहार) २०७६ को पूर्व सन्ध्यामा यस नगरपालिकाको आयोजनामा यही मिति २०७६ साल कार्तिक ७ गते दिउँसो १२:०० बजे नगरपालिकाको सभाहलमा शुभकामना आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ४ (च)

प्रस्ताव नं. ४ विविध 'च' माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रभित्र विकास निर्माणको आवश्यकतालाई महसुस गरी स्थानीय जनता, जनप्रतिनिधी समेतको मागको आधारमा तपसिल बमोजिमका योजनाहरु चालु आर्थिक बर्ष भित्र सम्पन्न गर्ने गरी विशेष अनुदान स्वरुप संङ्घीय सरकारमा माग गरी पठाउने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल:

१- प्रभा धाम्कोट माध्यमिक विद्यालय छात्राबास भवन निर्माण योजना

२. हिमालय मा.वि. देखि बिमकोट दरबार सडक निर्माण योजना

प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३